"सफा, स्वच्छ, सुन्दर, हराभरा नगरः
सम्पूर्ण नगरबासिको गौरवपूर्ण रहर"

# अमरगढी नगरपालिकाको
# *नीति तथा कार्यक्रम*
# आर्थिक वर्ष: २०८०/०८१

अमरगढी नगरपालिकाको तेह्रौ नगर सभामा
प्रमुख ***श्री डिल्ली राज जोशी*** द्धारा प्रस्तुत
नीति तथा कार्यक्रम

<u>**अमरगढी नगरपालिका**</u>

## नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

**अमरगढी नगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम**

नगर सभामा प्रमुख श्री डिल्ली राज जोशीले प्रस्तुत गर्नु भएको अमरगढी नगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम।

**नगर सभा सदस्यहरू, एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरुः**

सर्व प्रथम म नेपालमा बिभिन्न समयमा नेपाल र नेपालीको स्वाभिमानका निमित्त भएका जनसंघर्ष एवम् लोकतान्त्रिक आन्दोलनहरूमा शाहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरू प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। संघर्षको दौरानमा बेपत्ता हुनु भएका बिर योद्धा र उहाँहरूको पिडित परिवार प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु। नेपाली समाजलाई अग्रगामि परिवर्तनको मार्गमा डोर्याउने बिविध क्षेत्र बाट योगदान पुर्याउनु हुने आदरणीय अग्रजहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु।

संघिय लोकतन्त्रको स्थापनासंगै सम्पन्न भएको स्थानिय तहको दोस्रो निर्वाचन पश्चात अमरगढी नगरपालिकाको तेस्रो ऐतिहासिक नगर सभाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित ठानेको छु।

नेपालको संविधानले नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको परिकल्पना गरे अनुसार स्थानीय तहमा केन्द्रमा जस्तै कार्यपालिका, व्यवस्थापिका तथा अर्ध न्यायिक निकाय सम्बन्धी संबैधानिक ब्यवस्था रहनुका साथै स्थानीय तहको कार्यमा प्रभावकारिता र पारदर्शिताको निमित्त यी एक अर्का बीच शक्ति पृथकिकरण तथा शक्ति सन्तुलन पनि रहेको ब्यहोरा यहाँहरूलाई अवगत नै छ। संविधानतः अमरगढी नगरपालिका स्थानीय सरकारको रूपमा स्थापित भैसकेको अवस्थामा यस नगरपालिकामा बसोबास गर्ने हरेक नागरिकको जनसरोकारका सवालहरूमा नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरूमा कुनै आग्रह पुर्वाग्रह नराखि म र मेरो सम्पुर्ण टोलि सेवामा सर्मर्पित रहने बिश्वास समेत दिलाउन चाहन्छु।

**उपस्थित महानुभाबहरुः**

यस अमरगढी नगरपालिकाको स्थापना भएको छब्वीसौं बर्ष बिति सक्दा आरोह अवरोह पार गर्दै जनताको सेवामा समर्पित रहेको व्यहोरा विदितै छ। यस नगरपालिकाको नाम नगरको गहनाका रूपमा रहेको ऐतिहासिक अमरगढी किल्लाको नामबाट नामाकरण गरिएको थियो, साथै नेपालमा विभिन्न समयमा भएको राजनीतिक परिवर्तन, प्रशासनिक पुर्नसंरचना, सीमा हेरफेर तथा संघिय संरचनामा समेत पूर्ववत अवस्थामा रहेको र भौगोलिक हिसाबले १३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिका अन्तर्गत ११ वडा रहेको ब्यहोरा समेत यहाँहरू समक्ष सर्वविदितै छ। सामाजिक न्याय सहितको समावेशी आर्थिक बिकाशका माध्यमबाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अबको मार्गचित्र हो। यस दिशामा केन्द्रित प्रयत्नहरूबाट समाजबाद उन्मुख समग्र परिबेश तयार हुनेमा हामी बिश्वस्त छौ।

संबिधानले परिकल्पना गरेका मैलिक हकको पूर्ण उपभोगको सुनिस्चितता लाई समेट्दै संबिधानले परिकल्पना गरेको दिगो शान्ती, सुशासन, बिकाश र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरू समावेस गर्नमा ध्यान दिन जरूरी छ। हामी दिगो बिकास लक्ष्य प्राप्तीको दिशामा अगाडि बढ्न चाहन्छौ। यो नीति तथा कार्यक्रम तयार पार्दा मैले उपरोक्त भावनालाई आत्मसाथ गरेको छु।

**उपस्थित महानुभाबहरू,**

अब म यस अमरगढी नगरपालिकाको आगामि आर्थिक बर्ष २०८०/०८१ का लागि नगरकार्यपालिका बाट सिफारिस भई नगर सभा मा पेश हुन आएको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु। राष्ट्रिय नीति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरूलाई अनुसरण गरि यस नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरू लाई आधार लिएको छु।

- नेपालको संबिधानमा ब्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषय।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य
- सुदुरपश्चिम प्रदेश सरकारको २०८०/०८१ नीति तथा कार्यक्रम र बजेट वक्तव्य
- अमरगढी नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरू
- संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरू

अब म अमरगढी नगरपालिकाको आगामी बर्षमा अवलम्बन गरिने नीति गत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

## १) आर्थिक क्षेत्रः

### क) कृषि तथा पशुपालन

- कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र यान्त्रिकीकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरूको क्षमता विकास गर्दै युवा, गरिवि निवारणमा योगदान पुग्ने गरि समावेशी, रोजगारी सिर्जना, आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ। पशु तथा बाली वीमामा कृषकहरूलाई प्रेरित गर्नुका साथै नगरपालिकाबाट समेत बजेट व्यवस्था गरि जोखिम न्यूनिकरणमा जोड दिइनेछ।
- संघीय सरकारले अघि सारेको भू-उपयोगको सिद्धान्त अन्तर्गत यस अमरगढी नगर क्षेत्र भित्रका सबै खाले जमिनलाई खेर जान नदिने र कृषियोग्य भुमिको पूर्ण उपयोग गरि सघन खेती प्रणालिका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ। कृषि पेशालाई सम्मानित र प्रतिष्ठित पेशाका रूपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरूका लागि **सर्वोत्कृष्ट र उत्कृष्ट कृषक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ।
- लोपोन्मुख खाद्यान्न बाली संरक्षण गर्न विशेष किसिमका कार्यक्रम संचालन गरिनेछ। धान लगायतका कोदो, मुदुरो, कागुनो, फापर जस्ता रैथाने वालीहरूको संरक्षण गरिनेछ। कृषि वाली संरक्षण गर्न वन्यजन्तुबाट हुने हानी नोक्सानी नियन्त्रणकालागि आवश्यक पहल गरिनेछ।
- खाद्यान्न बालीहरूको उन्नत बीउ उपयोग गर्ने कृषकहरूलाइ बीउमा अनुदान दिइने चक्ला बन्दीमा आलु खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- विभिन्न गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा सिंचाई पुर्वाधारहरूको निर्माण तथा मर्मत संभार कार्य गरिनेछ।



CamScanner

- पानीका मुहान संरक्षणको लागि रिचार्ज पोखरीहरू निर्माण गरिनेछ।
- बेमौसमी तरकारी खेतीको लागि पोली हाउस निर्माणमा अनुदान सहयोग गरि कृषकहरूको आयस्तरमा सुधार गर्नुका साथै उत्पादन बृद्दि गरिनेछ।
- आगामी आर्थिक वर्षमा नेपाल सरकारले कृषि क्षेत्रमा थप आधुनिकीकरण र यान्त्रिकरण र विशिष्टीकरण गरि उत्पादकत्व तथा उत्पादनवृद्धिमा जोड दिई **स्वदेशी वस्तुको उपभोग गरौं आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं** अभियान सञ्चालन गर्ने नीति तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना संग समन्वय र साझेदारी गरिनेछ।
- कृषि उत्पादन, प्रशोधन र वेचविखनका सम्वन्धमा नेपाल सरकारवाट उपलब्ध गराइने सहुलियत र प्राविधिक सेवा प्रबन्ध गर्न तथा अनुदानको दोहोरोपना न्युनिकरण गर्न हरेक किसानलाई किसान सूचिकरण प्रणालीमा आवद्ध गर्ने नेपाल सरकारको नीतिमा साझेदारी गरिने छ।
- कृषि योग्य भूमिको नियमित माटो परिक्षण गर्न माटो परिक्षण शिविरहरू संचालन गरिने छ। कृषकलाई माटोको प्रकार, गुणस्तर, हावापानी अनुकुल खेती गर्न उचित मात्रामा मल, बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलव्ध गराईनेछ।
- नश्ल सुधारका कार्यक्रम सञ्चालन गरि उन्नत नश्लको व्यवसायिक पशुपन्छीपालन गर्न कृषकलाई प्रोत्साहन गरिने छ। पोषण युक्त, पशु आहरको प्रवर्द्धन गरिने छ। पशुपालनका लागि घाँस खेती, बृहत चरन विकास गरिनेछ।
- पशुजन्य उत्पादनको गुणस्तर, नियन्त्रण तथा नियमन गरि वजार व्यवस्थापनमा सहजिकरण गरिने छ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिने छ। पशुरोग विरूद्ध खोपका कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ
- जलवायु परिवर्तन, रोगको प्रकोप, एवं प्राकृतिक बिपत्तिबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न आवश्यक पहल गरिने छ। पशुपन्छी तथा बालि बीमाको विस्तार र जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरि लगानी सुरक्षण गर्न संघ र प्रदेशका सरकारसंग समन्वय गरिनेछ।
- हाल पशुहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्कीम रोगको नियन्त्रणकालागि संघ र प्रदेश सरकार संग समन्वय र सहकार्य गरिनेछ।

**ख) संस्कृती/पर्यटनः "पर्यटनमा लगानि, समृद्धिको बिहानी"**

- अमरगढीलाई "पर्यटकिय सिटि" का रुपमा विकास गर्न पहल गरिनेछ।
- स्थानीय धार्मीक स्थलको संरक्षण र सम्वर्धन गरिने छ।
- परम्पपरागत लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न "डोटेली संग्राहालय" स्थापना गर्न आवश्यक पहल गरिने छ।
- ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइने छ र यस किल्लालाई ऐतिहासिक पर्यटकिय स्थलका रूपमा विकास गर्ने गुरूयोजना निर्माण गरिनुका साथै किल्ला भित्र संग्रहालय स्थापना गर्न आवश्यक पहल गरिनेछ।
- ऐतिहासिक, धार्मिक एवम् पर्यटकिय स्थलहरू, उग्रतारा मन्दिर, घटालथान, रावलतोली गुफा, सहश्रलिङ्गधुरा , कश्याटाकुरा, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग असिग्राम, भुमिराज, समैजी, बैजनाथ, कैलपाल, जस्ता शक्ति पिठको संरक्षण र प्रचार प्रसारमा जोड दिइनेछ।
- खेलकुद पर्यटनमा जोड दिइने छ।
- पुराना पाटि पौवा, मगराउ, नौला, धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ।
- घटाल, उग्रतारा, सह्श्रलिंग क्षेत्रको बिकासका लागि गुरूयोजना निर्माण गरि बृहत्तर बिकास गरिनेछ।
- नगर क्षेत्र भित्र रहेको सरकारी पर्ति जग्गामा वाल उद्यान तथा मनोरंजन स्थल निर्माणको कार्य अगाडी बढाईनेछ।
- नगर क्षेत्र भित्रका झरना ताल तलैयाहरूलाई पर्यटकिय क्षेत्रको रूपमा विकास र प्रचार प्रसार गर्दै लगिनेछ। साथै पर्यट प्रबद्धन गर्न वडा नं २ मा ताल निर्माण गरिनेछ।
- भिमदत्त आदर्श वस्तिलाई थप विकास गरी पर्यटन प्रवद्धन कार्यलाई निरन्तरता दिईनेछ।

**ग) बित्तिय क्षेत्र**

- बित्तिय संस्थामा सहज पहुचको लागि आवस्यक सहजिकरण र समन्वय गरिनेछ ।
- नयाँ स्थापना हुने बित्तिय सस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र बिस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने ब्यवस्था अनिवार्य गरिनेछ।
- बित्तिय संस्थामा एक परिवार एक खाता नीति अनिवार्य रूपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई सर्बसुलभ रूपमा बितरण गर्न बित्तिय संस्थाहरू संग समन्वय गरि घुम्ती बैंक संचालनका लागि पहल गरिनेछ।

**घ) सहकारीः-**

- नगरक्षेत्र भित्रका सहकारीहरूलाई उत्पादनशिल बनाउदै गरीबी निवारण गर्ने उद्धेश्यले सबै प्रकारका सहकारीहरूलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।
- अनौपचारिक क्षेत्रमा संलग्न महिला दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूलाई सहकारीमा आबद्ध गराउन विशेष कार्यक्रमको व्यवस्था गरिनेछ। तरकारी फलफुल घरेलु खाद्य उद्योग सरसफाइ क्याफे रेष्टुरेण्ट निर्माण स्वास्थ्य क्षेत्र समेतमा आधारित उपभोक्ता श्रमिक र उत्पादक सहकारी संस्था प्रवर्द्धनमा जोड दिइनेछ।
- नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी संस्थालाई आवश्यक तालिम दिईनेछ। साथै सहकारी संस्थाको कारोबारलाई डिजिटल प्रविधिमा रूपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ।



CamScanner

- पुँजीको अभावमा निष्क्रिय रहेका सहकारी संस्थाहरूलाइ भौगलिक कार्यक्षेत्र र प्रकृतिका आधारमा एकिकरण गरी सक्रिय गराउन तर्फ पहल गरिनेछ। साथै सहकारी संस्थाको व्यवसायिक कारोबारलाई पारदर्शी बनाउन सहकारी अनुगमन कार्यमा तिव्रता दिइनेछ।
- सहकारी सदस्यहरूलाई सहकारी सम्बन्धी ज्ञान तथा क्षमता विकासका लागि सहकारी संस्थाहरूसँग अन्तर्क्रिया तथा अवलोकन कार्यलाइ प्रोत्साहन गर्न लागत सहभागितामा अवलोकन तथा अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ।
- सहकारीको कारोवारलाई थप पारदर्शी वनाउन नेपाल सरकारले संचालनमा ल्याएको COPOMIS Software मा आवद्ध गरिनेछ।

ङ) **उद्योग तथा बाणिज्य "औद्योगिक लगानी र पूर्वाधार; समृद्धिको बलियो आधार"**

- युवा पुस्ताको नवीन सोच र प्रविधिको आकर्षणलाई बढावा दिन निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ।
- सिप सिक्न इच्छुक नगरवासीहरूलाई सिप प्रशिक्षण (कृषि, होजियारी, धातुकला, डलकुसन, मालापोते) लगायतका कार्यक्रमहरू संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीलाई प्रविधिको सहयोग छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराइनेछ।
- स्थानीय उत्पादन र अर्गानिक खाद्यवस्तु विक्रि वितरणका लागि कोशेली घर स्थापनामा आवश्यक पहल गरिनेछ
- औद्योगिक ग्राम स्थापनाको कार्यलाई निरन्तरता दिदै निजी क्षेत्रसंगको साझेदारीमा लघु-घरेलु, साना तथा मझौला उद्योग स्थापनामा जोड दिईनेछ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरीनेछ।
- एक वडा एक उत्पादनको अवधारणालाई आत्मसात गरिनेछ।
- परम्परागत तथा घरेलु उद्योगको संरक्षण गर्न स्तरउन्नतीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सम्भाव्य स्थानीय उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्दा वृद्धि गर्नकालागि समूहमा प्रविधि हस्तान्तरण गरिनेछ

२) **सामाजिक विकासः**

क) **शिक्षा तथा खेलकुदः**

- सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि नेपाल सरकारद्वारा ल्याइएका राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षा क्षेत्र योजना र प्रदेश सरकारद्वारा ल्याइएको मुख्यमन्त्री शैक्षिक पूर्वाधार विकास, मेयर शैक्षिक सुधार तथा गुणस्तर सुधार कार्यक्रम लगायतलाई प्रभावकारी रूपमा कार्यान्वियन गरिनेछ।
- विद्यालय शिक्षालाई व्यवस्थित ढंगबाट सञ्चालन गरी शैक्षिक सुशासन कायम गर्न स्थानीय शिक्षा ऐन निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी, बालविकास शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूकालागि संघ सरकारसँग गरिएको पारिश्रमिक साझेदारीलाई निरन्तरता प्रदान गरिनेछ।
- "समयमै भर्नाः समयमै ज्ञान" को मर्म अनुसार शैक्षिक क्यालेण्डरका आधारमा विद्यालय स्तरका क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- संस्थागत विद्यालय तथा विभिन्न निजी क्षेत्रका शैक्षिक संस्था एवम् इन्ष्टिच्यूटहरूलाई मापदण्ड बनाई नियमन गर्दै लगिनेछ।
- भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयहरूको समायोजन र शिक्षक दरबन्दी मिलानको कार्यलाई सूचकमा आधारित बनाई निरन्तरता दिइनेछ। प्रत्येक विद्यालयमा कम्तीमा एउटा बालविकास शिक्षक रहने गरी बालविकास शिक्षक कोटाको पुनर्वितरण गरिनेछ
- नगर क्षेत्रको बढ्दो शहरी सुविधाको लाभ समेतलाई दृष्टिगत गरी ' थोरै तर स्तरीय विद्यालय ' को अवधारणा अनुसार विद्यालयको पुनर्नक्साङ्कन तथा विद्यालय सङ्ख्याको पुनर्निर्धारण गर्न कार्यदल बनाई आवश्यक कार्य अगाडी बढाइनेछ।
- सामुदायिक विद्यालयका महिला शिक्षक प्रसुती विदामा रहँदा विद्यालयको पठनपाठन प्रक्रियालाई निरन्तरता प्रदान गर्न विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।
- कक्षा १ देखि ८ सम्म लागू भएको स्थानीय पाठ्यक्रम **"हाम्रो अमरगढी"** लाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यकतानुसार परिमार्जन तथा सो अनुसारका स्रोत सामग्री र पाठ्य सामग्रीहरू विकास एवम् वितरण गरिनेछ।
- विद्यालयमा प्रविधि र पूर्वाधारलाई समयानुकुल, आधुनिक र सुविधायुक्त बनाउँदै लगिनेछ। विद्यालय गतिविधिलाई व्यवस्थित गर्न **विद्यालय सेवा डिजिटाइजेसन (School Service Digitization)** को अवधारणा अनुसार कार्य प्रारम्भ गरिनेछ।
- अमरगढी नगरपालिकाभित्रका विपन्न वर्गका बालबालिकाहरूलाई गुणस्तरयुक्त र प्राविधिक शिक्षामा पहुँच बढाउन अमरगढी शैक्षिक छात्रवृत्ति कोष स्थापना गरी परिचालन गरिनेछ।
- परम्परागत तथा धार्मिक शिक्षाको संरक्षण प्रबर्द्धनकालागि स्थापना भएको उग्रतारा वेदविद्याश्रमलाई आवश्यक भौतिक तथा जनशक्ति सहायताका लागि पहल गरिनेछ।
- शैक्षिक सत्रको प्रारम्भमा प्रत्येक विद्यालयसँग कार्यसम्पादन करार गरी सोको परीक्षण गरिनेछ र विद्यालयहरूलाई अनुदान तथा प्रोत्साहन दिदा शैक्षिक नतिजालाई प्रमुख आधार बनाइनेछ।
- सामुदायिक विद्यालयको प्र.अ. तथा शिक्षकहरू भौतिक निर्माणका कार्यमा संलग्न हुनुपर्दा शैक्षिक गुणस्तरका क्रियाकलापहरू प्रभावित भइरहेको विद्यमान अवस्थालाई सुधार गर्न नगरपालिकाको नेतृत्त्वमा सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार विद्यालय पूर्वाधारहरूको निर्माण कार्य सम्पन्न गरिनेछ। विद्यालयको शैक्षिक जनशक्तिलाई शैक्षिक व्यवस्थापनमा बढी केन्द्रीत र जिम्मेवार बनाइनेछ।
- कक्षा ८ को नगर स्तरीय परीक्षालाई थप स्तरीकृत गर्दै अन्य कक्षाको मूल्याङ्कनलाई समेत व्यवस्थित गरिनेछ।



CamScanner

- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको कार्य अनुभवलाई नगरपालिकाका विभिन्न विद्यालयमा उपयोग गर्न विद्यालयको आवश्यकतानुसार सरूवा तथा परिचालन गर्ने गरी आवश्यक कानून बनाई कार्यान्वयन गरिनेछ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) सँगको साझेदारीमा अमरगढी बहुप्राविधिक शिक्षालय सञ्चालन गरिनेछ।
- प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा नगर क्षेत्रका खेलमैदानहरूको स्तरोन्नतीको कार्य अगाडी बढाइनेछ। विद्यालयका खेलकुद गतिबिधिहरूलाई थप व्यवस्थित र सुदृढीकरण गरिनेछ।

**ख) स्वास्थ्य:**

- प्रत्येक घर परिवारलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईने छ।
- वर्षको अन्तमा सबै बालबालिकाहरूले राज्यबाट उपलब्ध गराएका सबै खोपहरू निःशुल्क र गुणस्तरीय रूपमा प्रदान गरिने छ।
- बालबालिकाहरू निमोनिया, झाडापखाला, कुपोषण जस्ता स्वास्थ्य समस्याहरू हुन नदिन समयमै व्यवस्थापन गरिने छ।
- सबै सुनौलो हजार दिनका आमा तथा बच्चाहरूको स्वास्थ्य जाँच गरी सुलभ पहुँच हुने गरी स्वास्थ्य सेवा प्रदान गरिने छ।
- छातीको संक्रमण भएका नागरिकहरूलाई खकार परिक्षण दायरामा ल्याई क्षयरोगमुक्त पालिका बनाउन पहल गरिने छ।
- एच.आइ.भि.एडस/कोभिड १९/डेंगु/ईन्स्फ्लाईटिस र अन्य सरूवा रोगहरूको नियन्त्रणका लागि अभियानहरू संचालन गरिने छन्। यसका लागि **"मेरो घर र मेरो टोल म नै सफा गर्छु"** भन्ने अभियान समेत संचालन गरिनेछ।
- सबै परिवारलाई शुद्ध पिउने पानीको दायरामा ल्याई **" मेरो पिउने बानी : केवल शुद्ध पानी"** अभियानलाई कडाईका साथ लागू गरिने छ। हात धुने बानीको विकास गर्न विद्यार्थी मार्फत कार्यक्रम संचालन गरिनेछ।
- प्रत्येक विद्यालयमा र समुदायमा पोषणयुक्त खाना प्रवर्दन गर्न जंक फुड निषेध अभियानलाई बाल क्लब मार्फत संचालन गरिने छ। सरकारी कार्यालयहरूमा प्रत्येक शुक्रबार सरसफाई अभियान सञ्चालन गरिनेछ।
- अमरगढी नगरपालिकाका सबै परिवारलाई चर्पी सुनिश्चित भएको परिवार र नगरपालिका पूर्ण खुल्ला दिशामुक्त सुनिश्चितता गरिनेछ।
- जेष्ठ नागरिकहरूको स्वास्थ्य समस्याहरूलाई ध्यानमा राख्दै प्रत्येक चौमासिक रूपमा सुगर, प्रेसर, कोलेष्ट्रोल, किड्नीको प्रारम्भिक निशुल्क जाँच गर्ने व्यवस्था मिलाईने छ।
- स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर र आङ् खसेका महिलाहरूको समयमै जाँच गरी समस्या पहिचान गरी समाधानका लागि पहल गरिने छ।
- गैर सरकारी संस्थासंग साझेदारी गर्दै सबै जेष्ठ नागरिकको र विधालयहरुमा आँखा जाँच अभियान संचालन गरिनेछ।
- सबै कुपोषित बालबालिकाहरूको खोजी गरी समाधान लागि पहल गरिने छ।
- सबै स्वास्थ्य तथ्याङ्कहरूको गुणस्तरीयता कायम राखिने छ।
- यथार्थ र सत्यतामा आधारित विश्वसनीय, वैध तथ्याङ्कका लागि र कामको मुल्यांकनकालागि अनुगमन प्रणालीलाई कडाईका साथ लागू गरिनेछ।
- नसर्ने रोगहरू हुन नदिन **"मेरो बिहान: योग आसन"** अभियान संचालन गरिनेछन्।
- विद्यालय नर्सिंग कार्यक्रमलाई ब्यबहारमुखी बनाई विद्यार्थी जिम्मेवार पद्धति (student assignment approach) लाई सामुदायिक अभ्यासमुखी बनाई कडाईका साथ लागु गरिनेछ।
- सबै नागरिकको दाँत विग्रनबाट जोगाउन विद्यालय र समुदाय स्तरमा बिषेश कार्यक्रमहरू संचालन गरिने छन्।
- सबै स्वास्थ्य संस्थाकालागि वर्षभरी पुग्ने गरी औषधी उपलब्ध गरिने छ।
- बाल विवाह न्युनिकरणका लागि बालक्लबहरू मार्फत विशेष अभियान संचालन गरिनेछ।
- अमरगढी नगरपालिका स्वास्थ्य शाखालाई एक अनुसन्धान पाठशालाको रूपमा विकास गरिनेछ।
- उग्रतारा स्वास्थ्य चौकी भवन निर्माण यसै वर्षमा प्रारम्भ गरिनेछ।
- सवै नागरीकहरूलाई स्वाथ्य वीमाको दायरामा ल्याईनेछ। स्वास्थ्य वीमाका जटिलताहरू हटाउन पहल गरिनेछ।
- विद्यालयमा निःशुलक स्यानेटरी प्याड वितरणलाई निरन्तर दिनुका साथै प्याडवाट वातावरणमा समस्या आउन नदिन पहल गरिनेछ।



CamScanner

- विद्यालयका चर्पीहरूको निरन्तर अनुगमन गरी स्वच्छ खानेपानीमा सहयोग गरिनेछ।
- विद्यार्थीहरूले विद्यालयमा वस्दा **"म स्वस्थ छु मेरो स्कुल स्वस्थ छ"** भन्ने वातावरण निर्माण गराईने छ।

**बहुक्षेत्रीय पोषण एवं समुदाय र विद्यालयमा पोषण प्रवर्धन कार्यक्रमः**

- वडा नं १० लाई पोषण मैत्री वडा घोषणा गरे पश्चात वाँकी वडाहरूलाई घोषणा गर्न सबै सूचकहरूमा विशेष कार्यक्रमहरू संचालन गरिनेछ।
- पोषणमैत्री वडा न १० को दिगोपनका लागि बाँकी कार्य गर्न विशेष पहल गरिने छ।
- सबै वडाका टोलहरूमा "साथ विधि" लागु गरी थप सामुदायिक समस्याहरूमा पहल गरिने छ।
- सबै परिवारमा २ वर्ष भित्र चाङ्ग, जुठ्यान निर्माण गरी सक्ने परिवारलाई फिल्टर उपलब्ध गराई सक्ने व्यवस्था गरिनेछ।
- ३ वर्षमा पोषणमैत्री नगरपालिका घोषणा गर्न सबै सूचकहरूको नियमित बैठक, अनुगमन र मुल्याङ्कन साथै समस्या देखिएका कार्यहरूमा समाधान गरि द्रुतकासाथ संचालन गरिनेछन्।
- करेसावारी र पशुपालन एवं कुखुरा पालनको हालको अवस्थाको अनुसन्धान गरी पोषणयुक्त खाद्यपदार्थ सुनिश्चतताको पहल गरिनेछ। पोषण युक्त रैथाने वाली प्रवर्द्धनका कार्यहरूमा संचालन गरिनेछन्।
- विद्यार्थीहरूलाई प्रत्येक शुक्रवार विद्यालय र समुदायमा परिचालन गरी थप स्वास्थ्य प्रबर्द्धनका कार्यहरू गरिनेछन्। सम्भावना भएका विद्यालयहरूमा करेशावारी अभियान निर्माण गरिनेछ।
- विद्यालयमा र समुदायमा शुद्ध पिउने पानी अभियान संचालन भैरहेको र यसलाई निरन्तरता दिइनेछ।

**ग) सामाजिक समावेशीकरणः**

**महिलाः**

- बिपन्न तथा पछाडी परेका महिलाहरूलाई महिला बिकाश कार्यक्रम मार्फत सामुहिक रूपमा समुह, समितिमा आबध्द गराई संस्था दर्ताका लागी पहल गरिनेछ। समुहमा आबध्द महिलाहरूलाई जिविकोपार्जन प्रबध्दर्न र बचत तथा सिपमुलक तालिम, नेतृत्व बिकासमा क्षमता अभिबृध्दि गर्दै समितिको संस्थागत बिकास गर्न साथै समुहमा आबद्ध महिलाहरूलाई सामाजिक, आर्थिक रूपमा, आत्मानिर्भर बनाउनका लागि बिभिन्न क्षमता बिकासका तालिमहरू र टेवा सहितको आयमुलक तालिम संचालन गरि उधमि बनाउने र उनिहरूको समुह गठन गरि उधमशिलता प्रबध्दर्नमा जोड दिईनेछ।
- महिला बालबालिका ज्येष्ट नागरिक, अपांङगता, दलित लक्षित कार्यक्रम संचालन गरि लैंङगिक समानता तथा सामाजिक समाबेशिकरण हानिकारक चलनको अन्त्य गर्ने नीति र लैंङगिक उतरदायि (महिला मैत्रि) बजेटलाई प्रभाबकारी कार्यान्वयन गरिनेछ।
- लैंङगिक तथा महिला हिसां, बालबिबाह, छाउपडि प्रथा, जस्ता सामाजिक कुरीतिहरू प्रति शुन्य सहनशिलता को नीति अख्तियार गरी सबै वडा तहमा बिभिन्न राष्ट्रिय तथा अंतराष्ट्रिय कानूनी ब्यबस्था बारे सचेतिकरण का कार्यक्रमहरू र सामाजिक अभियानका साथै महिलाका लागि आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ।
- लैंङगिक तथा महिला हिसाँबाट प्रभाबितलाई उपचार, मनोसामाजिक परार्मश, खाना बस्न न्याय प्रकृयामा सहयोग गर्न महिला सुरक्षा आवास र अस्पतालमा एकद्धवार संकट ब्यबस्थापन केन्द्रको निरन्तर संचालन र ब्यबस्थापन गरिनेछ।
- लैगिङक तथा महिला हिसाँ रोकथाम गर्न बिबाहित जोडि र उनका परिवारका सदस्यहरू लाई लैङगिक मुल्य मान्यता र ब्यबहार परिवर्तन संबाद र किशोरिहरूकालागि रूपान्तरण कार्यक्रम संचालन गरिने छ।
- महिला हिंसा पिडितकालागि न्याय उपचार र राहत सहयोग गर्नका लागि महिला हिंसा निबारण कोष संचालन गरिने छ।
- लक्षित महिलाहरूको शसक्तिकरणका लागि सहभागिता समाबेशिकरण, नेतृत्त्व बिकास, जस्ता कार्य माफर्त मुल प्रबाहिकरण गरि लैंगिक समानता हासिल गर्न लैंङगिक समानता र सामाजिक समाबेशिकरण नीतिको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिइने छ।
- महिला, किशोरि र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वियन लाई प्रथमिकतामा दिईनेछ।

**बालबालिका र किशोरीः**

- बालिका तथा किशोरीको बिकास, सशक्तिकरण र जिवन उपयोगि सिपका लागि किशोर किशोरि बृत्त सिप रूपानतरण कक्षा संचालन गरिने।
- प्रत्येक वडामा बालकल्ब, किशोरी समुह, संजाल गठन तथा पुर्नगठन गरी परिचालन गर्दै नेतृत्त्व बिकास गरीने छ।
- बिपदमा परेका बालबालिकाहरूको संरक्षण, स्वस्थ्य उपचार र शिक्षाको ब्यबस्था गर्ने तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई आत्मानिर्भर बनाउन जोड दिईनेछ।

**जेष्ठ नागरिकः**

- जेष्ठ नागरिकहरूमा रहेको ज्ञान, सिप, अनुभब, आदान प्रदान र युवा पुस्ता सिप हस्तान्तरण हुने क्रियाकलापहरू संचालन र मर्यादित जिवनका लागी परिचयपत्र बितरण तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्ने।
- ६० वर्ष देखीका एकल जेष्ठ नागरिकहरू लाई सम्मान गरिने छ।
- फरक क्षमता भएका ब्यतिहरूको मर्यादित जिवनका लागि अभियान, अपाङ्गता पहिचान गरी परिचयपत्र बितरण तथा सरकारि कार्यालय निर्माण गर्दा अपाङग मैत्रि बनाईनेछ।



CamScanner

- अपाङगता भएका व्यतिहरूको वडा स्तरिय संजाल बनाउदै उनिहरूको क्षमता बिकासमा अभिबृद्धि गरिने छ र सहायक सामाग्रीको ब्यबस्था गर्न जोड दिईनेछ।

घ) **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता:**

- महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गरिनेछ।
- महिलाहरुको आय आर्जन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
- अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ।
- अपाङ्ग, दलित, आदिवासि/जनजाती र असहायको सामाजिक जिबनको सुरक्षाको सुनिश्चितताका लागि बिभिन्न कार्यक्रम संचालन गरिनेछ
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभाबकारी रुपमा अनुगमन गरिनेछ।
- बालबालीकाको रुचिलाई ध्यानमा राखी बालमैत्री कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिने छ।
- "शिप युक्त महिला आत्म निर्भर पहिला" भन्ने नारा लाई मुर्त रुप दिन महिला हरुका लागि सिप बिकास तथा उद्यम प्रर्बदन कार्यक्रम संचालन गरिनेछ।
- जनप्रतिनिधि कर्मचारीहरूकालागि ब्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि जानकारी मुलक कार्यक्रम संचलान गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि प्रत्येक वडा स्तरमा घुम्ती शिबिर कार्यक्रम संचालन गरिनेछ
- सामाजिक सुरक्षा भत्तालाई गाउँगाउँ सम्म पुर्यानकालागि सम्बन्धित बैङ्कहरू संग समन्वय गरिनेछ।
- स्थानिय पन्जिकाधिकारीहरूलाई VERSP-MIS ब्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
- पुराना रजिष्टरमा डिजिटाईजेसन गर्न बाँकी रहेका घटना दर्ताहरूलाई डिजिटाईजेसन गर्ने कार्य पुरा गरिनेछ।

ङ) **खानेपानी तथा सरसफाई:**

- खानेपानी तथा सरसफाई राष्ट्रय रणनीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न समन्वय र सहकार्य गरिनेछ।
- खानेपानि मुहानहरुको खोजि र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिने निति अबलम्बन गरिनेछ।
- अमरगढीमा "बृहत ढल ब्यवस्थापन" परियोजना मार्फत प्रशोधन केन्द्र स्थापना गरी उक्त पानी सिचाईका लागि प्रयोग गरिने छ।
- फोहरमैला ब्यवस्थापनलाई अझबढी प्रभावकारी बनाउन (सार्वजनिक निजि साझेदारी) नीति अवलम्बन गरिने छ
- सरसफाईको लागि टोल विकास समितिलाई प्रभाबकारी बनाई निरन्तरता दिईनेछ। खानेपानि तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायि बनाईनेछ।
- फोहरमैला ब्यवस्थापनमा संलग्न जनशक्तिको उत्प्रेरणा बढाउनमा जोड दिई फोहरमैला ब्यवस्थापनमा उचित मापदण्ड अपनाई कर, दण्ड र जरिवानालाई प्रभाबकारी बनाईनेछ। फोहोरलाई मोहरमा परिणत गर्ने निती अवलम्बन गरिने छ।
- सार्वजनिक सौचालयको संख्या थप गरि सर्वसुलभ एवम् ब्यवस्थित गरिनेछ।
- प्रत्येक वार्ड भित्रका खानेपानीका मुलहरुको पहिचान गरि दर्ता प्रक्रियाका लागि सम्वन्धित वार्डमा योजना कार्यान्वयन गर्ने निति अबलम्बन गरिनेछ।
- यस नगरपालिका भित्र खानेपानीको पहुंच नभएका व्यस्तिहरुमा खानेपानी पहुंच पुर्याउन सतकट्टा खोलाबाट लिफट खानेपानी योजना संचालन गर्न पहल गरिनेछ।

## ३) पुर्वाधार विकास: "भौतिक पुर्वाधार विकासको आधार"

क) **आवास तथा भवन:**

- घर नक्सा स्वीकृतलाई ब्यवस्थीत गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ।
- सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरि सार्वजनीक जमिनको लगत लिई संरक्षणमा जोड दिइने छ।
- अमरगढी नगरपालिकालाई Hill City को रुपमा विकास गरिने छ।
- एक घर दुई फलफुल विरुवा रोपी हरीयाली (Green City) शहरमा जोड दिइने छ।
- अब्यवस्थीत बसोवासलाई ब्यवस्थीत गरि बढ्दो शहरीकरणलाई उचित ब्यवस्थापन गरिनेछ।
- अपाङ्ग, बृद्ध, असहाय मैत्री शहरी संरचनामा जोड दिइनेछ।
- भवन निर्माण ब्यवसायीक र आवासीय गरि दुई भागमा बर्गीकरण गरिने छ।
- सडक छेउछाउ निर्माण भएका भवनलाई उचित ब्यवस्थापन गरिनेछ।
- नगरपालिकामा दिनानुदिन बढी रहेको जग्गा अतिक्रमणलाई रोकथामका लागि विभिन्न क्षेत्रसंग समन्वय र सहकार्य गरिने छ।
- निर्माणाधिन वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गरिनेछ। बाँकी वडाहरुको भवन निर्माण क्रमशः गर्दै लगिनेछ
- नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त शहरी पूर्वाधार जस्तै रंगशाला, सभागृह बहु-उद्देश्यिय सिटिहल, ल्याण्डफिल साइट, सपिङ्ग कम्प्लेक्स, प्राविधिक शिक्षालय, धार्मिक तथा पर्यटकिय पूर्वाधार निर्माणमा पहल गरिनेछ।
- कलात्मक र पुरातात्विक रूपमा घर निर्माण गर्नेलाई नक्सापास दस्तुरमा छुटको ब्यवस्था मिलाइनेछ।



CamScanner

### ख) सडक तथा पुलः

- क्रमागत रहेका योजनालाई निरन्तरता दिई सम्पन्न गरिनेछ।
- नगर क्षेत्र भित्रका सडक लगायतका पूर्वाधारहरूको नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नतीको लागि जोड दिइनेछ।
- नगरपालिका भित्रका सडकहरूको स्तरोन्नतीकालागि नगर यातायात गुरूयोजना निर्माण गरिनेछ।
- ग्रामिण क्षेत्रको विकासलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार विकास आयोजनाहरू सञ्चालन गर्ने नीति लिइनेछ।
- भौतिक पूर्वाधार अपुग भएका विद्यालयहरूमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- बाढी, पहिरो, भू-क्षय नियन्त्रर्ण गर्न Bio engineering गर्ने कार्यको थालनी गरिनेछ।
- नगरपालिकाको क्षेत्रमा संचालन हुने पूर्वाधारका योजनाहरुमा समन्वय, सहजिकरण र अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ।
- नगर भित्रको वातावरण स्वच्छता र नगरवासीको जनस्वास्थ्यलाई ध्यानमा राखी विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- नगर गौरवका थप आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- कालोपत्रे सडक निर्माण कार्यलाई उपभोक्ता समितिबाट कार्यन्वयन गर्न नपाउने व्यवस्था गरिनेछ। साथै, ठुला मेसिनरी औजार प्रयोग नहुने र लाभान्वित समुहको रोजगारी अभिबृद्धि हुने विकास निर्माणका आयोजनाहरू मात्र उपभोक्ता समितिबाट कार्यन्वयन गरिनेछ।
- अमरगढी प्रोजेक्ट बैंक स्थापन गरिनेछ।
- अमरगढी चक्रपथ निर्माणको संभाव्यता अध्ययनकालागि पहल गरिनेछ।
- नगरपालिकाको बजार क्षेत्रको विस्तार कार्य समन्वय गरी ग्रिन सिटीको रुपमा विकास गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

### ग) वैकल्पीक उर्जा, साना जलविद्युत, सूचना तथा संचार प्रबिधि र रोजगारः

- बैकल्पिक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेकसम्म विस्तार गरिनेछ।
- सार्वजनिक महत्वका स्थानमा सौर्यवत्ती जडान गर्ने तथा सडक सौर्य बत्ती विस्तार गरिनेछ।
- ग्रामिण क्षेत्रमा धुवारहित चुलो प्रवद्र्धन तथा वितरण गरिने छ।
- नगरपालिका भित्रका ग्रामिणक्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिनेछ।
- सुचना प्रविधिमा सवै नागरीकको पँहुचलाई सुलभ बनाईने छ।
- "बिकास मैत्रि संचार मैत्री सरकार" को मान्यता अनुसार बिधुतिय र छापा संचारसंग सहकार्य गरिनेछ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइनेछ।
- गुनासो सुनुवाईलाई प्रविधिसंग जोड्दै ब्यवस्थीत गरिनेछ।
- सेवालाई प्रभावकारी वनाउन गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,जनतासंग मेयरको प्रत्यक्ष संवाद नागरिक वडा पत्र र विविध प्रविधिसंग जोडिनेछ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिनेछ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने ब्यवस्था गरिनेछ।
- सूचना नै ज्ञानको श्रोत र सूचना संचार प्रबिधि नै बिकाशको आधारशिला भएकाले यस नगरपालिकालाई सूचना संचार मैत्री नगर बनाईनेछ।
- सूचना प्रविधिको विकासका लागी विभिन्न गैर आवासीय नेपाली, स्वदेशी तथा विदेशी विभिन्न संघ संस्था र प्रदेश सरकार संगको साझेदारी कार्यक्रम गरिनेछ।
- सूचना प्रविधिको प्रयोग सम्वन्धी क्षमता अभिबृद्धि कार्यक्रम गरिनेछ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन जस्ता राष्ट्रिय कार्यक्रमलाई कार्यान्वयन तथा प्रोत्साहन गर्दै लगिनेछ।
- रोजगारिको हकको प्रभावकारि कार्यान्वयन गरि नागरिकलाई न्यूनतम् रोजगारिको अवसरमा संलग्न गराउने।
- नमुना रोजगार सेवा केन्द्र मार्फत रोजगारि सृजना गरिनेछ।
- आन्तरिक रोजगारिका अवसरमा मुलुककै श्रम शक्तिको प्रयोग हुने वातावरण श्रृजना गर्न महत्तम प्रयास गरिनेछ।
- स्थानीय तहमा उपलब्ध श्रोत साधनको अधिकतम् उपयोग मार्फत वढी भन्दा वढी रोजगारि श्रृजना गरिनेछ।

### ४) वातावरण तथा विपद ब्यवस्थापनः

- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ।
- वन उद्यान विकासमा जोड दिइनेछ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइ वृक्षारोपण कार्य संचालन गरिनेछ।



CamScanner

- सार्वजनिक प्रति बाटो, चौतारी, परम्परागत धार्मीक पर्यटकीय, खुला क्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ ।
- सामुदायीक वन उपभोक्ताहरुको क्षमता विकासमा जोड दिई अझ बढी जिम्मेवार बनाईनेछ ।
- "हराभरा वन, जनताको धन" अवधारणा विकास गरिनेछ ।
- खाली वन क्षेत्रमा फलफुल नर्सरी, जडीबुटी नर्सरीको उत्पादन र विकास गर्न तर्फ विशेष कार्यक्रम संञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तन र विपदबाट हुने प्रभाव न्युनिकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ ।
- विकास निर्माणका कार्यहरूलाई वातावरण र विपद व्यवस्थापन सम्बोधन हुनेगरी अगाडी बढाइनेछ ।
- विभिन्न विद्यालयहरूमा ट्राफिक सचेतिकरण लगायतका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यक्रमहरू संचालन गरिनेछ ।
- विपद पुर्व तयारीकालागि सुचना मुलक सन्देश तयार गरी सूचना तथा संचारका माध्यमहरूबाट सम्प्रेषण गरिनेछ ।
- विपद् प्रभावित नागरिकलाई एक रूपताकासाथ राहत व्यवस्थापनकालागि राहत मापदण्ड बनाई सोही बमोजिम राहत वितरण गरिनेछ ।
- प्रत्येक वडामा हरित उद्यान निर्माण कार्यक्रमलाई प्राथमिकतामा राखी निर्माण गर्ने नीति लिईनेछ ।
- बढ्दो जलवायु परिवर्तन बारे नगर वासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनीकरणमा जोड दिइनेछ ।
- प्रत्येक वडामा उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिनेछ ।
- विपद् प्रति कार्ययोजना निर्माण गरी कार्यान्वियनमा ल्याईनेछ ।
- वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी र छिटो छरितो स्तरीय बनाईनेछ ।
- बिपद पुर्व अभ्यास बिपद व्यवस्थापन सामाग्रीको ब्यवस्था गरिनेछ । साथै नगरपालिकामा स्थापना भएको आपतकालिन संचालन केन्द्र लाई प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ ।
- फोहोरमैलाको व्यवस्थापनकालागि Land fild side निर्माण गरी व्यवस्थित गरिनेछ ।
- फोहरलाई वर्गीकरण गरी महत्वम उपयोगमा ल्याईनेछ ।
- छाडा गाई वस्तुहरु नियन्त्रण तथा व्यवस्थापन गर्न सुविधा सम्पन्न गौशाला निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय तथा साझेदारी गरिनेछ ।

## ५) सुशासन तथा संस्थागत विकास:

### क). मानव संसाधन विकास:

- नगरपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दि र कर्मचारीहरुको कार्य विवरण प्रभावकारी रूपमा कार्यान्वियन गरिनेछ ।
- कर्मचारीको क्षमता विकासको लागि अध्ययन अनुसन्धान तालिम र भ्रमणको आवश्यक व्यवस्था मिलाईनेछ ।
- कार्य सम्पादन मूल्याङ्कनलाई प्रभावकारी वनाई मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- नगरपालिका अन्तर्गत सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र तथा सामूदायिक विद्यालयमा ई-हाजिरको व्यवस्था गरिनेछ ।

### ख). संस्थागत विकास:

- कानूनको समय सिमा भित्र सभा र कार्यपालिकाको बैठक राखि निर्णय कार्यान्वयन गरिनेछ ।
- योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन मुल्यांकन गर्ने प्रभावकारी व्यवस्था मिलाईने छ । रु एक लाख भन्दा माथिका योजनाहरु नगर स्तरीय अनुगमन समितबाट अनुगमन गराउने व्यवस्था गरिनेछ । र सो भन्दा मुनिका योजना तथा कार्यक्रमहरु वडा स्तरिय अनुगमन समितिबाट अनुगमन तथा सुपेरिवेक्षण गर्ने व्यवस्था गरिनेछ ।
- आयोजनाहरूको फरफारक गर्ने व्यवस्था गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिनेछ ।
- कार्यालयको आर्थिक कारोवारको समयमै लेखापरीक्षण गराई बेरूजु फछयौटको कार्ययोजना बनाई कार्यान्वियनमा ल्याइनेछ ।
- सार्वजनिक खरिदको बार्षिक तथा बहु वर्षिय खरिद योजना स्विकृत गराई कार्यान्वय गरिनेछ ।
- चल अचल सम्पतिको संरक्षण गर्ने लगत राख्ने र लिलाम मिनाहा गर्ने कार्य तदारूकताका साथ गरिनेछ ।
- शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग र प्रमुख प्रशासकीय अधिकृतले प्रमुखसंग कार्यसंपादन सम्झौता गरि सोको मुल्यांकन गर्ने व्यवस्था मिलाईनेछ ।
- चौमासिक अर्धवार्षिक र वार्षिक समिक्षा तथा अर्धवार्षिक तथा बार्षिक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरि कार्यबोझ, कार्यप्रकृति, उपलब्ध मानवश्रोत तथा वित्तीय क्षमतका आधारमा प्रचलित कानून बमोजिम वितरण तथा पदपूर्ति गर्ने व्यवस्था मिलाईनेछ ।
- नीति, वजेट तथा कार्यक्रम कार्यान्वयन गर्न र अधिकार क्षेत्रका विषयमा आवश्यक पर्ने कानून निर्माण गरिनेछ ।
- सूचनाको हक ऐन, २०६४, सुशासन ऐन, २०६४ कार्यान्यनको सुनिश्चितता गरिनेछ ।
- नगरपालिकाको आवधिक योजना अध्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ ।



CamScanner

- मध्यमकालिन खर्च संरचना अनुसार योजना तथा कार्यक्रमको प्राथमिकिरण गर्ने नीति अंगिकार गरिनेछ।
- दिगो विकासका लक्ष्यहरु हासिल गर्न आवश्यक नीति अबलम्बन गरिनेछ।
- आर्थिक प्रशासन प्रविधिमा जोडनुका साथै वित्तिय सदाचारीतामा जोड दिईनेछ।
- नगर पार्श्वचित्रलाई अध्यावधिक गरिनेछ।
- नगर गुरू योजना निर्माण गरी आवधिक योजना र वार्षिक योजनासंग आवद्धता गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- वित्तिय जोखीम न्युन गर्न आन्तरिक लेखापरिक्षण शाखालाई ब्यवस्थित गरी आन्तरिक लेखा परिक्षणलाई थप मजबुद गरिदै लगिनेछ।

"अमरगढी बिकाश प्राधिकरण" गठन गरी ग्रिन सिटिको अवधारणा अनुसार आवश्यक पुर्वाधारको (सपिङ्ग कम्प्लेक्स, बहुउद्देश्यीय सभागृह, स्टेडियम, धार्मिक तथा पर्यटन पूर्वाधार, बस्ती विकास, औद्योगिक अध्ययन र खेलकुद रंगशाला) सम्भावना अध्ययन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

अन्तमा, यस गरिमामय सभामा पेश गरेको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्पूर्ण नगर वासीहरुको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै सवैमा धन्यावाद व्यक्त गर्दछु।

डिल्लीराज जोशी
प्रमुख
मितिः २०८०/०३/०७ गते बिहीबार

CS CamScanner